## निजामती कर्मचारी अस्पताल

## प्रशासन सेवा, सवारी समूह, सवारी चालक पद, प्रारम्भिक तहको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ :

**प्रथम चरण :–** लिखित परीक्षा (Written Examination) — पूर्णाङ्क :– ५०
**द्वितीय चरण :–** प्रयोगात्मक परीक्षा — पूर्णाङ्क :– ५०
अन्तर्वार्ता (Interview) — पूर्णाङ्क :– २०

**प्रथम चरण** (First Phase) : **परीक्षा योजना (Examination Scheme)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | Technical Subject | ५० | २० | वस्तुगत | बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x१ अङ्क | ४५ मिनेट |

**द्वितीय चरण** (Second Phase)

| विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | | समय |
|---|---|---|---|---|---|
| प्रयोगात्मक परीक्षा | ५० | २५ | प्रयोगात्मक/ अभ्यास | | |
| अन्तर्वार्ता | २० | – | मौखिक | | |

**द्रष्टव्य :**

१. यो परीक्षा योजनालाई प्रथम चरण (लिखित परीक्षा) र द्वितीय चरण (अन्तर्वार्ता) गरी दुई चरणमा विभाजन गरिएको छ ।
२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।
३. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा तोकिए अनुसार हुनेछ ।
४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।
५. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital letter) A, B, C, D मा लेख्नुपर्नेछ । सानो अक्षर(Small letter) a, b, c, d लेखेको वा अन्य कुनै सङ्केत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।
६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।
११. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।
११. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
१२. पाठ्यक्रम लागू मिति :– आ.व.२०७९/०८० देखि

Civil Service Hospital



यो पाठ्यक्रम मिति २०७९।०९।१८ बाट लागू गरिएको छ ।

**Paper I : Technical subject**

## १. सुरक्षित यातायात सम्बन्धी ज्ञान

१.१ सवारी चलाउँदा साथमा राख्नु पर्ने कागजपत्रहरु सम्बन्धी ज्ञान (सवारी चालक अनुमती पत्र, सवारी दर्ता प्रमाण पत्र, प्रदूषण मुक्त प्रमाण पत्र (तोकिएका सडकको लागि) , बाटो इजाजत पत्र, सवारी जाँचपास प्रमाणपत्र, आदि)

१.२ सवारी चालकको अवस्था (स्वस्थ, नथाकेको, राम्ररी देख्न सक्ने, रक्सी तथा लागू पदार्थ सेवन नगरेको)

१.३ सवारी चलाउँदा ध्यान दिनुपर्ने (सवारी सडकको वायाँ तर्फ चलाउने, सकभर वायाँ साइड च्याप्ने, अन्य सडक प्रयोगकर्ताले बुझ्ने संकेत दिने, उपयुक्त गतिमा सवारी चलाउने, ट्राफिक चिन्ह तथा संकेतको पालना, हर्नको सकभर कम प्रयोग, पदयात्रुको ख्याल राख्ने)

१.४ सवारी साधन रोक्ने ठाउँ (तोकिएको ठाउँमा मात्र, जेब्रा क्रसिङ्गको १५ मीटर दुबै तर्फ नरोक्ने, सडकको एकदम छेउ च्यापेर रोक्ने, मोडमा, पुलमा र सिंगललेन सडकमा नरोक्ने

१.५ चोकहरुमा सवारी चलाउँदा,राती सवारी चलाउँदा, सवारी पछाडि हटाउँदा, सवारी बिग्रँदा उछिन्ने ( ओभरटेक) कार्य जस्ता कार्यहरु गर्दा के के कुराहरुमा ध्यान दिनुपर्छ सो सम्बन्धी जानकारी ।

१.६ सवारीको भार (सवारी साधनको कानूनी अधिकतम भार, .सामान सुरक्षित रुपमा राख्ने तरिका, सवारीको बढी भारको असरहरु, सवारीको लम्बाई, सिट क्षमता)

१.७ दुर्घटना परेमा गर्ने कार्यहरु

## २. ट्राफिक ज्ञान

२.१ प्रहरीले दिने हातको संकेत

२.२ ट्राफिक चिन्ह (आदेशमूलक, चेतावनीमूलक र जानकारीमूलक)

२.३ सडक रेखाहरु (लम्बाई भागका रेखाहरु, सडक छेउका रेखाहरु, चौडाई भागका रेखाहरु, पदयात्रुले बाटो काट्ने ठाउँ जनाउने रेखाहरु)

२.४ ट्राफिक बत्तीका संकेतहरु

२.५ ऐनाको प्रयोग

२.६ हर्नको प्रयोग

२.७ उछिन्ने कार्य

२.८ मोडहरु लिने (दायाँ, बायाँ र पूरा मोड्ने)

२.९ लेन अनुशासन

२.१० प्राथमिकता (गोल घुम्तीमा, बत्ती संकेत भएको चोकमा, मूल सडकमा, प्राथमिकता प्राप्त सवारीहरु)

## ३. यान्त्रिक ज्ञान

३.१ परिचय

३.१.१ सवारीको फ्रेम तथा चेसिसको भिन्नता बारे जानकारी

३.१.२ सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अनुसारको यात्रुवाहक सवारीको वर्गीकरण

३.१.३ सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अनुसारको मालवाहक सवारीको वर्गीकरण

३.१.४ सवारीको तौलको आधार हलुका सवारी र भारी सवारी

३.२ इन्जिन

३.२.१ पेट्रोल इन्जिन तथा डिजेल इन्जिन स्टार्ट हुने र चल्ने तरिका

३.२.२ विभिन्न किसिमका इन्धनहरु र त्यसबाट हुने प्रदूषणका बारेमा परिचयात्मक जानकारी

Civil Service Hospital

३.२.३ स्पार्क प्लगको काम

३.२.४ मोबिल पुरानो भयो वा कम भयो भने इन्जिनमा हुनसक्ने विकृति बारे ज्ञान

३.३ क्लच : परिचय र काम, त्यसमा आउनसक्ने त्रुटीहरु र समाधानका उपायहरु

३.४ गियर : काम र परिचय, त्यसमा आउनसक्ने त्रुटीहरु र समाधानका उपायहरु

३.५ फ्लाई ह्वील (Fly wheel): काम वा प्रयोजन

३.६ प्रोपेलर शाफ्ट (Propeller shaft): यसको काम

३.७ डिफ्रेन्सियल (Differential): काम र प्रयोजन

३.८ एक्सेल (Axle): काम

३.९ ब्रेक (Brake): प्रयोजन र किसिम

३.१० टायर (Tyre): प्रयोजन, टायरको साइज, टाायर भित्र हावाको चाप बारे ज्ञान

३.११ स्टियरिङ्ग (Steering): प्रयोजन, स्टयरिङ्ग फ्रि प्ले र यसको आवश्यकता बारे ज्ञान

३.१२ इग्निसन प्रणाली (Ignition System): पेट्रोल र डिजेल इन्जिनको गाडीमा हुने यसको त्रुटीबारे जानकारी

३.१३ रेडियटर र पंखा (Radiator & Fan) तथा ब्याट्री (Battery)

३.१४ सवारी मर्मत बारे छोटो जानकारी : दैनिक मर्मत, गाडी चलेको आधारमा गरिने मर्मत, ओभरहल (Overhaul) तथा यी मर्मत संभारको आवश्यकता तथा फाइदाहरु

## ४. निजामती कर्मचारी अस्पताल र यसको नियमावली सम्बन्धी सामान्य जानकारी



Civil Service Hospital

Civil Service Hospital

## प्रयोगात्मक परीक्षाको लागि

**अभ्यास १: राजमार्गमा कम्तीमा ५ कि. मी. को दूरीसम्म चलाउने** (१५)

- प्रति घण्टा ६० कि. मी. भन्दा कम गतिमा एकनासले चलाउने
- गियरहरु आवश्यकता अनुसार बदल्ने
- ढिलो चलिरहेका गाडीहरुलाई उपयुक्त ठाउँमा उछिन्ने
- आफू भन्दा छिटो गाडीहरुलाई सुरक्षित तरिकाले साइड दिने
- गाडी रोक्ने, यू-टर्न गर्ने, ब्याक गर्ने र फिर्ता चलाई ल्याउने

**अभ्यास २: शहरी सडकमा कम्तीमा ५ कि. मी. चलाउने** (१५)

- प्रति घण्टा ४० कि. मी. भन्दा कम गतिमा एकनासले चलाउने
- गियरहरु आवश्यकता अनुसार बदल्ने
- कम्तिमा ३/३ वटा दायाँमोड (right turn), वायाँमोड (left turn) र पुरामोड (U–turn) लिने
- उपलब्ध भएमा ट्राफिक संकेत (traffic Signal) भएको चोकबाट भएर गाडी चलाउने

**अभ्यास ३ : उकालोमा पार्क गर्ने र पुनः चलाउने** (१०)

- सडकको किनारा लगाएर सवारी रोक्ने
- इग्निसन बन्द गर्ने
- इग्निसन पुनः चालु गर्ने र सवारी अगाडि बढाउने

**अभ्यास ४: ग्यारेज पार्क गर्ने** (१०)

- नियन्त्रित तरिकाले सवारी हाँक्ने
- ब्याक गरी सवारी चलाउने र ग्यारेजको तोकिएको ठाउँमा लगेर पार्क गर्ने ।

Civil Service Hospital

**निजामती कर्मचारी अस्पताल**

**प्रशासन सेवा, सवारी समूह, सवारी चालक पद, प्रारम्भिक तहको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**सवारी चालक प्रयोगात्मक परीक्षा निरीक्षकको लागि निर्देशिका**

**अभ्यास १: राजमार्गमा कम्तीमा ५ कि. मी. को दूरीसम्म चलाउने** **(१५)**

- परीक्षार्थीले सफल भएमा धेरैजसो सवारी चलाउनुपर्ने राजमार्गको खण्डमा प्रयोगात्मक परीक्षा लिने व्यवस्था मिलाउने ।
- सडकमा रहेका ट्राफिक चिन्हहरुलाई ध्यान दिन परीक्षार्थीलाइ सुरुमै निर्देशन दिनु पर्दछ ।
- अङ्कहरु निम्नानुसार दिने :
  - सडक बीच सेतो लामो धर्सा भएमा त्यसलाई नकाटेमा (२)
  - आफ्ना लेनमा नचलाउनु, घुम्तीमा विपरित लेनमा नचलाएमा (२)
  - बस्ती भित्र, घुम्तीमा र ठाडो ओरालोमा उछिन्ने काम नगरेमा (२)
  - घुम्तीमा, ओरालोमा र सडकका चौडाई कम भएको ठाउँमा गाडीहरुलाई साइड नदिएमा (१)
  - घुम्ती, साँघुरो बाटो, पुल र चौबाटोमा नरोकेमा (२)
  - जहिले पनि सडक भन्दा बाहिर छेउ लगाई रोक्नु पर्नेमा सडकमै सवारी नरोकेमा (२)
  - गाडी मोड्दा र यू-टर्न गर्दा ऐनाहरुको प्रयोग नगरी झ्यालबाट टाउको बाहिर निकालेर नहेर्ने गरेमा (२)
  - यू-टर्न गर्नु अघि सडकमा अन्य सवारी आएका छन् कि भनी हेर्ने गरेमा (२)

**अभ्यास २: शहरी सडकमा कम्तीमा ५ कि. मी. चलाउने** **(१५)**

- परीक्षार्थीले सफल भएमा धैरे जसो सवारी चलाउनुपर्ने शहरी सडकको ब्यस्त भागमा प्रयोगात्मक परीक्षा लिने व्यवस्था मिलाउने ।
- शहरमा ट्राफिक संकेत भएको चोक भएमा त्यहाँबाट समेत सवारी चलाउन लगाउने ।
- अङ्कहरु निम्नानुसार दिने :
  - सडकमा रहेका आदेशमूलक ट्राफिक चिन्हहरु (जस्तैः प्रवेश निषेध, पार्क निषेध, रोक्न निषेध, दायाँ मोड्न इत्यादि) लाई वास्ता गर्नु पर्ने (१)
  - सडक बीचमा भएको सेतो लामो धर्सालाई काटेर उछिन्ने काम नगर्ने (१)
  - आफ्नो लेनमा चलाउने (१)
  - चौबाटोको धेरै नजिक, रोक्न निषेध गरेको ठाउँ र जेब्रा क्रसिङ्गमा नरोक्ने (१)
  - जेब्रा क्रसिङ्गमा उभिएका पदयात्रुलाई पहिले जान दिएर गाडी चलाएमा (२)
  - धेरैजसो हर्न बजाउनु सट्टा सवारीको गति घटाउनु प्रभावकारी हुन्छ त्यसैले अति आवश्यक परेको समयमा वाहेक अन्य समयमा हर्न नबजाएमा (१)
  - ट्राफिक संकेत पहेंलो भएको समयमा जेब्रा क्रसिङ्ग वरै गाडी भएतापनि नरोकी गाडी अगाडि नबढाउने (संकेत पहेंलो भएको समयमा गाडीले जेब्रा क्रसिङ्ग पार गरिसकेको अवस्थामा भने गाडी रोक्न हुँदैन) (२)
  - ट्राफिक संकेत रातो भएको समयमा नचलाउने (२)
  - गाडी मोड्दा र पछाडि लग्दा ऐनाको प्रयोग नगरी झ्यालबाट टाउको निकालेर नहेर्ने (२)
  - गाडी मोड्दा साइडलाइट र पछाडि लग्दा ब्याक लाइटको प्रयोग नगर्ने (२)






Civil Service Hospital

**अभ्यास ३: उकालोमा पार्क गर्ने र पुनः चलाउने** **(१०)**

- उकालो सडकमा सवारी रोक्न लगाउने र इग्निसन बन्द गर्न लगाउने
- इग्निसन पुनः चालु गर्न र सवारी अगाडि बढाउन लगाउने
- अङ्कहरु निम्नानुसार दिने :
  - सडकको सकभर छेउमा नरोकी अन्य सवारीको आवागमनमा वाधा पुग्ने गरी रोक्न नहुने (२)
  - स्टार्ट बन्द गरी इग्निसनवाट साँचो झिकुन्जेल निम्न काम गरेको हुनुपर्ने ह्याण्ड ब्रेक लगाएको, पहिलो गियरमा राखेको, पाङ्ग्रामा टेका दिएको, अगाडिको पाङ्ग्राहरु सिधा नराखि बङ्ग्याएको, सडकमा पेटी भए अगाडिको पाङ्ग्राहरुलाई त्यसमा अडचाएको (३)
  - इग्निसन पुनः चालु गरी सवारी अगाडि बढाउन खोज्दा स्टार्ट बन्द हुन नदिने (२)
  - सवारी अगाडि बढाउन खोज्दा केही पछाडि नसर्नुपर्ने (३)

**अभ्यास ४: ग्यारेज पार्क गर्ने (एल पार्किङ्ग गर्ने)** **(१०)**




**नोटः**

- यो परीक्षाका लागि सवारीको डेढ गुणा लम्बाई र डेढ गुणा नै चौडाई भएको चिन्ह लगाउनु पर्दछ । यसरी चिन्ह लगाईएको ठाउँ (ग्यारेज) भित्र परीक्षार्थीलाई गाडी ब्याक गर्न लगाइ पार्क गर्न लगाउनु पर्दछ ।
- परीक्षा लिइने स्थान समतल हुनु पर्दछ ।
- अङ्कहरु निम्नानुसार दिने :
  - सिधा तोकिएको रेखामा उल्टा हाक्न सक्ने हुनुपर्ने (केन्द्र भन्दा टाढा किनारा, किनारा लग्नु) (२)
  - उल्टा हाँक्दा चारैतिर दृष्टि पुऱ्याउन सक्नुपर्ने (१)
  - लगाइएको चिन्हको ट्राफिक कोन, डण्डा वा डोरी वा टेपलाई छुन नहुने (२)
  - स्टेयरिङ्ग एकनासले घुमाउन सक्नुपर्ने (१)
  - सवारीलाई पार्क गर्न तोकिएको स्थानको माझमा राख्न सक्ने हुनुपर्ने (२)
  - पार्क गर्न अति लामो समय लिन नहुने (१)
  - ऐनाहरुको प्रयोग नगरी झ्यालबाट टाउको बाहिर निकालेर हेर्न नहुने (१)



यो पाठ्यक्रम मिति २०७९।०९।१८ बाट लागू गरिएको छ ।